Issue: 01 • April 13 • 2018

Patient First

# Magnolia

## The Neuro Hospital Bulletin



*12th Anniversary Special*

National Institute of Neurological and Allied Sciences
Bansbari, Kathmandu

# Shaping the Future of Healthcare




**East-West Concern (P.) Ltd.**

P.O. Box 2487, Baluwatar,
Kathmandu, Nepal.
Tel: 01-4413819, 4416647
Fax: +977-1-4416790

EWC



## प्रा. डा. उपेन्द्र देवकोटा
### संस्थापक




ज्यान लिने र पक्षघात गर्ने जस्ता मस्तिष्क, मेरुदण्ड, स्नायु र मांशपेशी जन्य रोगहरुको उपचारमा मात्र समर्पित देशको पहिलो र सबैभन्दा ठुलो संस्था यो न्यूरो अस्पताल हो। यहि विधामा मात्र केन्द्रित भएका कारणनै मस्तिष्कघात र हेडइन्जुरी जस्ता समस्याको बिना ढिलाई उपचार यहाँ सम्भव भएको छ।

यस अस्पतालका उद्देश्य विशेषत : तीनवटा रहेका छन्

१. मस्तिष्क, मेरुदण्ड र स्नायू जन्य रोगबाट विरामीलाई मर्न र अपाङ्ग हुनुबाट बचाउन उच्च प्रविधिको उपचार समयमै उपलब्ध गराउनु । भौतिक सुविधा सम्पन्न अस्पताल, अत्याधुनिक उपकरण, दक्ष्य र समर्पित स्वास्थकर्मीहरुको सेवाबाट उक्त उद्देश्य परिपूर्ति गर्न यो अस्पताल समर्पित छ।

२. समयमा उपचार नपाएर वा उपचारका बावजुद स्नायूजन्य रोगबाट असक्त भएकाहरुलाई फिजियोथेरापी, स्पीचथेरापी र अकुपेशनलथेरापी बाट समाजमा पुनर्स्थापित गराउने। यस दिशामा हाल गुणात्मक सेवा उपलब्ध भइरहेको छ। साथै ठुलो पुनर्स्थापना केन्द्रका लागि गम्भीर गृहकार्य पनि भइरहेको छ।

३. स्नायू रोगको उपचारमा आवश्यक उच्च दक्ष जनशक्ति यस संस्था भित्रै तालिम गरेर देशलाई जनशक्तिमा आत्मनिर्भर हुन योगदान गर्ने। हाल सम्म एक दर्जन भन्दा बढी स्नायुशल्यचिकित्सक (न्यूरोसर्जन) तालिम गरिसकेको यो संस्था यस विधामा देशमै अग्रणी स्थानमा रहेको छ। यहाँ तालिमप्राप्त चिकित्सकको क्षमता अन्तर्राष्ट्रिय स्तरको रहेको छ भन्नमा मलाई गर्व छ। प्रत्येक वर्ष न्यूरो अस्पतालबाट अनुसन्धान कार्यपत्रहरु राष्ट्रिय, अन्तर्राष्ट्रिय र विशेषत: प्रतिष्ठित बेलायती तथा अमेरिकी सम्मेलनहरुमा पनि प्रस्तुत गरिन्छन्।

तीन दशकको अनवरत संघर्ष पछि एउटा अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न स्नायू अस्पताल, अत्याधुनिक उपकरणहरु र त्यसमा सेवा प्रदान गर्ने दक्ष स्वास्थ्यकर्मीहरु यहाँहरुको सेवामा समर्पित गर्न पाएकोमा हामीले गौरवको अनुभूति गरेका छौं। यस अस्पतालका स्नायू शल्यचिकित्सकहरु लामो अवधिको मेरो आफ्नै प्रत्यक्ष सघन निगरानी तथा यदाकदा ख्याति प्राप्त बेलायती तथा अमेरिकी चिकित्सकहरुको पनि तालिमले खारिएका व्यक्ति हुनुभएकाले वहाँहरुले शल्यचिकित्साको मानक अझै उकास्नुहुनेमा म विश्वस्त छु। त्यस्तै यहाँ काम गर्ने धरै जसो स्वास्थ्यकर्मीहरु म सँग लामो समय काम गरेर मेरो भरोसा जितेका व्यक्तिहरु हुनुहुन्छ। उहाँहरुको प्रयासले यस अस्पतालले स्तरोन्नतिमा फड्को मार्नेछ भन्नेमा मलाई पूर्ण विश्वास छ।

यस अस्पतालमा तपाईहरुको उपचार सुरक्षित हातहरुमा छ। आश्वस्त हुनुहोस्।

उपेन्द्र देवकोटा

## प्रा. डा. मधु दीक्षित देवकोटा
### अध्यक्ष



नेपालमा एउटा सुविधा सम्पन्न स्नायू विज्ञान संस्थान स्थापना गर्ने सपना मेरा श्रीमान प्रा. डा. उपेन्द्र देवकोटा र उँहाका गुरु श्रद्धेय डा. दिनेश नाथ गोंगलले आज भन्दा पैतिस-चालिस वर्ष अगाडी देख्नु भएको थियो, सरकारी वा गैर सरकारी क्षेत्रमा संस्था स्थापना गर्ने उहाँहरुको भगीरथ प्रयासले गति नलिएपछि नीजि स्तरमा नै यसलाई फलिभूत गर्ने निर्णय भएसंगै म यस अस्पतालको स्थापनामा प्रतिबद्ध हुनुपुगें।

यस पुण्यकार्यमा यस्तो संस्थाको औचित्यमा विश्वास राख्ने केही स्वास्थ्यकर्मी साथीहरु र उदार परोपकारी समाजसेवी मित्रहरुको समेत संलग्नता प्राप्त भयो। फलस्वरुप अस्पतालको अवधारणा बनाएको पाँच वर्ष भित्रमा नै यो अस्पताल तपाईहरुको सामुन्ने सुम्पन हामी सफल भयौं।

यस अस्पतालको सिद्धान्त 'Patient First' (सर्वप्रथम विरामी) अनुरुप विरामीको आवश्यकतालाई केन्द्रविन्दुमा राखी सेवा प्रदान गर्न हामी कटिबद्ध छौं। यस दिशामा यहाँहरुले अस्पताल व्यवस्थापनलाई दिनुहुने सुझाव हामीहरुले गम्भिरता पुर्वक ग्रहण गर्नेछौं।

मधु दीक्षित देवकोटा


बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ, फोन नं.: ०१-४३७२७२५
३ नं. प्रदेश, नेपाल।

शुभकामना !!!

बूढानीलकण्ठ नगरपालिका वडा नं ८ मा अवस्थित नेपालको प्रतिष्ठित स्वास्थ्य सेवा प्रदायक संस्था National Institute of Neurological and Allied Sciences (न्युरो अस्पताल) ले आफ्नो नियमित मासिक 'न्युज लेटर' मार्फत अस्पताल बाट प्रदान गरिने सेवा, अस्पतालको अवस्था, विविध गतिविधी तथा अन्य विषयवस्तु केन्द्रित प्रकाशन सुरुवात गर्न लागेको जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ। यस्ता सूचना तथा प्रकाशनले अस्पतालको स्थिति, सेवा, कर्तब्य बारे आम जनमानसमा अझै सुलभ रुपमा जानकारी र पहुँच मिल्ने विश्वास नगरपालिकाले लिएको छ।

आगामी दिनमा अस्पतालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आफ्नो सेवा विस्तार गर्नुको साथै बूढानीलकण्ठ नगरपालिका सँगको सहकार्यमा यस नगरक्षेत्र लगायत आसपासका जनतालाई सर्व-सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने आशा एवं अपेक्षा गर्दै अस्पतालका हरेक सकारात्मक कार्यहरुमा बूढानीलकण्ठ नगरपालिकाको तर्फबाट यथासक्य सहयोग गर्ने प्रतिवद्धता समेत ब्यक्त गर्दछु।

अत: यस पहिलो अकंको सुरुवात सँगै सुचना सम्प्रेषणमा अझै स्तरीयता प्रदान गर्न अस्पताल प्रशासन सफल रहोस भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०७४ चैत्र, १

उद्धव प्रसाद खरेल
नगर प्रमुख
बूढानीलकण्ठ नगरपालिका

वेब साइट: www.budhanilkanthamun.gov.np

# नेपालको पहिलो स्नायू शल्यचिकित्सा



हुनत श्री गणेशको काटिएको शिरको ठाउँमा हात्तिको टाउको ल्याई जोड्नु संसार कै पहिलो स्नायू शल्यचिकित्सा होला । तर ई.सं. १९६१ डिसेम्बर महिनामा टाउकोमा चोट लागेकी एक तामाङ्ग युवतीमा डा. दिनेश नाथ गंगोलले गर्नुभएको "सब टेम्पोरल डिकम्प्रेशन" नेपालकै पहिलो  थियो ।

ई.सं. १९३२ मा पाल्पाको तान्सेनमा जन्मनु भएका डा. गंगोलले १९५६ मा दरबंगा मेडिकल कलेजबाट एम्.बि.बि.एस्. उत्तिर्ण गर्नु भएको थियो । त्यस पश्चात १९६१ मा जे.जे. अस्पताल, ग्रान्ट मेडिकल कलेज, बम्बेबाट उच्च शिक्षा हासिल गरी वीर अस्पतालमा शल्यचिकित्साका सेवा प्रदायक हुनु भएको थियो । न्यून भौतिक पूर्वाधारको साथमा डा. गंगोलको हिम्मतबाट शुरु भएको स्नायू शल्यचिकित्सा सेवा आज ५० वसन्त पार गरिसक्दा निकै परिष्कृत भइसकेको छ । आज पनि डा. गंगोल अविरल रुपमा एकेडेमिक डाइरेक्टरको पदमा बसी न्यूरो अस्पताल, बाँसवारीमा सेवा प्रदान गरिरहनु भएको छ ।

# डा. दिनेश नाथ गंगोलसंगको रमाईलो कुराकानी



**न्यूरो अस्पतालमा कहिलेदेखि आबद्ध हुनु भएको  हो ?**

मेरो जीवनको धेरै समय मैले वीर अस्पतालमा शल्यचिकित्सको रुपमा बिताएं । सन् २००६ मा यस न्यूरो अस्पतालको शिलान्यास मेरो हातबाट भएको हो । वीर अस्पतालबाट सेवा निवृत्त भए देखि एकेडेमिक डाइरेक्टरको रुपमा न्यूरो अस्पतालसँग आबद्ध भएको हुँ ।

**पचासी वर्षको उमेरमा पनि युवा जोस र जाँगरका साथ कसरी काम गर्नहुन्छ ?**

अस्पतालमा आएर विरामीको जाँच गर्नु, प्रत्यक्ष शल्यक्रियाको निगरानी गर्नु, यहाँ हुने पठन पाठनमा सहभागी हुनु जस्ता कार्यहरुमा नै म रमाउँछु । घरमा बसेको भए शायद यति धेरै जोस जाँगर आउदैनथ्यो होला तर अस्पतालको जिम्मेवारी र व्यस्तताले नै मलाई उत्साह प्रदान गर्छ । जब सम्म मेरो स्वास्थ्यले साथ दिन्छ तब सम्म म यसलाई निरन्तरता दिन चाहन्छु ।

**अस्पताल र बिरामीको सेवा बाहेक आफ्नो निजी समय कसरी व्यतित गर्नु  हुन्छ ?**

म बिहान ४ बजे उठ्छु । त्यसपछि मेरो अध्यात्मिक गतिविधिमा व्यस्त हुन्छु । चराहरुलाई चारा पनि हाल्छु । बिहान ९ बजे देखि ४ बजे सम्म म अस्पतालमा हुन्छु । त्यसपछि घर पुगेर कही समय टि.भी. हेर्छु अनि साँझ व्यायामको हेतु हिड्ने पनि गर्छु । केही समय म इन्टरनेटमा नयाँ विषयको अध्ययन गर्छु र खाना पश्चात राती ९ बजे सुत्छु ।

**हजुरको परिवारमा को को हुनुहुन्छ ? एक असल डाक्टर बन्नमा परिवारको भुमिका के कस्तो रहन्छ ?**

मेरो परिवारमा श्रीमति, तीन छोरा, एक छोरी छन् । जेठो छोरा डाक्टरको रुपमा पाटन अस्पतालमा कार्यरत छ । दुई छोरा आफ्ना परिवारका साथ अमेरिकामा छन् र छोरी विवाह पश्चात आफ्नो घरमा छिन् । कुनै पनि कार्य गर्न परिवारको साथ नितान्त आवश्यक हुन्छ । डाक्टरको सफलतामा पनि उसको परिवारको निकै ठूलो योगदान र बलिदान हुन्छ । विशेष गरी स्नायू शल्यचिकित्सा त धेरै समय लाग्ने हुनाले परिवारको सहनशिलता पनि महत्वपूर्ण हुन्छ । यसको अर्थ यो होइन कि आफ्नो परिवारलाई समय नदिने; परिवार र अस्पताल दुवैतर्फ बराबर जिम्मेवार हुनुपर्छ ।

**पहिलो स्नायू शल्यचिकित्साको अनुभव कस्तो थियो ?**

मैले भारतको बम्बईबाट शल्यचिकित्सा अध्ययन गरेको हुँ । त्यहाँ रहँदा मैले विभिन्न किसिमका शल्यक्रियामा संलग्न हुने मौका पाएँ । विशेष गरी स्नायू शल्यचिकित्सामा पनि तालिम लिएको थिएँ । १९६१ मा नेपाल आए पछि वीर अस्पतालमा कार्यरत रहँदा एक युवतीको दुर्घटना पश्चात टाउकोमा चोट लागेको हुनाले शल्यक्रिया गरेको थिएँ । त्यस समयमा उपकरणको अभाव थियो तर पनि प्रत्यत्न गरें । दुर्भाग्यवस त्यो कार्य सफल हुन सकेन । पछि भारत गएर आफ्नै खर्चमा सामानहरु लिएर आएँ । त्यसपछि योजनावद्ध रुपमा मस्तिष्कको शल्यक्रियाहरु गरें । बिस्तारै सफलताहरु पनि हात पर्दै गए ।

**पहिले र अहिलेको स्वास्थ्य स्थितिलाई कसरी तुलना गर्नुहुन्छ ?**

पहिले र अहिलेको स्वास्थ्य स्थितिमा निकै नै भिन्नता छ । पहिले अस्पतालको भवन तथा  उपकरणहरु अहिले जस्तो परिष्कृत थिएनन् । उपकरणको अभावमा धेरै समस्या भोग्नुपर्थ्यो ।  अस्पतालमा नर्सहरुको अभाव हुन्थ्यो । त्यसकारण आफैले २४ घण्टा बिरामीको रेखदेख  गर्नुपर्थ्यो ।

वर्तमानमा निजी अस्पतालहरुले अन्तर्राष्ट्रिय स्तरको भौतिक पूर्वाधारहरु निर्माण गरेर नेपालको स्वास्थ्य स्थितिमा विकासको प्रत्याभूति दिएका छन् । वीर अस्पतालले पनि आफ्नो सेवा सुविधामा धेरै नै प्रगति हासिल गरेको छ । त्यो देखेर मलाई खुसी लाग्छ ।

**५० वर्षको पेशागत अनुभवमा कुनै त्यस्ता घटनाहरु छन् जसको स्मरण आज पनि ताजा  छ ?**

त्यस्ता धेरै तिता मिठा अनुभव छन् जुन म आज पनि भुल्न सक्दिन ।

- चारै हातखुट्टा नचल्ने महिलालाई ६ महिनामा धेरै किसिमको शल्यक्रिया गरेर आफ्नै खुट्टामा उभिन सक्ने बनाएको थिए । त्यो क्षण सम्झँदा म अहिले पनि हर्षित हुन्छु ।
- त्यसरी नै पदम ठकुराठी नामक एक पत्रकार हुनुहुन्थ्यो । उहाँलाई राती सुतेको समयमा कसैले गोली हानिदियो । गोली टाउको छेडेर आँखा हुँदै अनुहारको हड्डीमा आई अड्कियो । त्यो गोली निकालेर उहाँलाई बचाउन सफल भएका थियौं ।
- विराटनगरमा पानीको झगडामा एक व्यक्तिको छातीमा भाला रोपिएको थियो । उसलाई खटियामा पाल टाँगेर अस्पताल ल्याईपुर्‍याइएको थियो । हामीले उसको छाती र पेट चिरेर शल्यक्रिया गर्‍यौं र उसलाई बचाउँन सफल भयौं ।

**त्यस्तै नरमाइला अनुभवमा ?**

- पहिलो पटक मुटुको शल्यक्रिया गरेको व्यक्तिलाई बचाउँन सकिन ।
- एक व्यक्तिलाई सामान्य हाइड्रोसिलको अप्रेशन पश्चात पनि गुमाउनु पर्‍यो ।

यो जिवन त्यस्तै रहेछ । तिता, मिठा यादहरुले भरिएको ।

**आजकल संचार माध्यमले डाक्टरको लापरवाहिको जनगुनासोलाई निकै तडक भडकका साथ प्रस्तुत गर्दछन् । यस्ता घटनालाई कुन दृष्टिकोणबाट विश्लेषण गर्नुहुन्छ ?**

डाक्टरले आफुले चाहेर कहिले पनि लापरवाही गर्दैनन् । अहिलेको अवस्था र पहिलेको अवस्थामा धेरै फरक छ । पहिले पनि उपचारको क्रममा विरामीको मृत्यु हुन्थ्यो तर त्यसलाई सामाजिक रुपमा डाक्टरलाई दोषि ठहऱ्याउने कार्य हुँदैनथ्यो । किनकि डाक्टरले सधैं आफ्नो पूर्णसिप र ज्ञानको प्रयोग गरेर विरामी उपचार गर्छन् । कहिले काहिं अथक कोशिसको बावजुद पनि उपचार सफल नहुन सक्छ । त्यसका धेरै कारणहरु हुन सक्छन् । सञ्चार माध्यमले प्राय डाक्टरलाई निशानामा राख्दै समाचार प्रस्तुत गर्छन् । यद्दपि डाक्टरले आफ्नो पूर्णसिप र क्षमताको साथ आफ्नो पेशागत जिम्मेवारी भने निर्वाह गर्दै जानु पर्छ ।

**हजुर लगायत डा. उपेन्द्र देवकोटा र अन्य डाक्टरहरुको योगदानबाट स्नायू शल्यचिकित्साले नेपालमा धेरै ठूलो फड्को मारेको छ । आजकल मानिसलाई उपचारको लागि विदेश धाउनु पर्दैन । जटिल भन्दा जटिल समस्याको निदान नेपालमा नै सम्भव भएको छ । यसको थप विकास र विस्तारको लागि के कस्तो गुरुयोजनाको साथ अघि बढ्नु आवश्यक छ ?**

१९७० को दशकमा सिटी स्क्यान र माइक्रोसकोपको आगमन सँगै स्नायू शल्यचिकित्साको विकासक्रमले एउटा नयाँ धरातल प्राप्त गरेको थियो । पहिले यिनको अभावमा उपचार पद्धति निकै कठिन हुने गर्थ्यो । अहिलेको समयमा बचाउन सकिने कति विरामीलाई त्यो अवस्थामा गुमाउनु पर्थो । अहिलेको अवस्था फरक छ तर जुन स्थानमा आउन विकसित मुलुकहरुलाई सय वर्ष लाग्यो, त्यो स्थान र अवस्था नेपालमा ५० वर्षमा नै सम्भव भएको छ ।

यसकारण थप जाँच, उपकरणहरुको व्यवस्था र तालिम नै स्नायू शल्यचिकित्सालाई अघि बढाउने आधार हो । यसो गर्दा आर्थिक भार बढ्छ तर पनि मानिसको जीवन रक्षाको निम्ति आफ्नै देशमा पर्याप्त सेवा प्राप्त हुने हुँदा आर्थिक भारको बहानामा पछि पर्नु चाहिँ हुँदैन । त्यस कुरालाई सरकार र नीजि क्षेत्रलाई कसरी समायोजन गरेर अघि बढाउने त्यस तर्फ सोच्नु पर्छ ।

**जाँदा जाँदै अहिलेका युवा डाक्टरहरुलाई केही सुझाव ?**

कुनै पनि व्यक्ति असल डाक्टर हुनका लागि विरामीसँगको सम्वाद र सम्पर्क अपरिहार्य छ । पूर्णरुपले विरामीको जाँच गर्नु निकै आवश्यक हुन्छ । नयाँ उपकरणहरुमा मात्र भर परेर हुँदैन । अर्को चाहीँ पेशागत नीति, जनभावना र आफ्नो अभिमानलाई साथ लिएर चल्न सक्नुपर्छ । Long Fellow ले भनेका छन् "Heights by great men reached and kept were not attained by sudden flight, but they, while their companions slept, were toiling upward in the night."



# सम्पादकीय



भनिन्छ सपना देखेपछिनै त्यो सार्थक बन्ने संभावना रहन्छ । प्राध्यापक डाक्टर उपेन्द्र देवकोटाको स्वदेशमानै अन्तराष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने सपना र सोचको साकार रुप हो, न्यूरो अस्पताल, बाँसवारी । मात्र एक दशकको छोटो अवधिमा नै लगभग दश हजार मस्तिष्क तथा मेरुदण्डका सफल शल्यक्रिया सम्पन्न गरेर यो अस्पतालले अन्तर्राष्ट्रिय स्तरमानै आफ्नो सम्मानजनक स्थान बनाई सकेको छ ।

यस संस्थाको विकासमा डाक्टर, नर्स तथा सम्पूर्ण कर्मचारीहरु अहोरात्र दिलोज्यानका साथ खटिनु भएको छ । यसैकारण नै न्यूरो अस्पतालको 'Patient First' उद्देश्य सफल हुन गएको हो । यस अर्थमा सम्पूर्ण कर्मचारीहरु तथा आस्था र भरोसा राखेर सेवाको अवसर प्रदान गर्ने हाम्रा सेवाग्राहीहरु बधाई तथा कृतज्ञताका पात्र हुनुहुन्छ ।

हाम्रो देश नेपाल एउटा निम्न आय भएको देश हो । देशमा अत्यन्त द्रुत गतिमा आर्थिक तथा सामाजिक परिवर्तन भइरहेको छ । एकतर्फ स्वास्थ्य सेवा दिनानुदिन अझै वैज्ञानिक र सुरक्षित बन्दै गइरहेको छ भने अर्को तर्फ उपचार पद्धति अत्यन्त खर्चिलो बन्दै गैरहेको छ । यस्ता जटिल तथा विशम परिस्थितिलाई पार गरेर भविष्यमा पनि आफ्नो क्षेत्रमा नेपालकै सर्वशुलभ, अत्याधुनिक सुविधा सम्पन्न र सर्वोत्कृष्ठ अस्पतालका रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सेवा प्रदान गर्नु हाम्रो चुनौति मात्रै होइन उद्देश्य र प्रतिवद्धता पनि हो ।

**डा. सुरेश सापकोटा**
**न्यूरोसर्जन**

# सम्पादक मण्डल

डा. शिखर श्रेष्ठ (न्यूरो सर्जन)
डा. प्रत्यूश श्रेष्ठ (न्यूरो सर्जन)
डा. सुरेश सापकोटा (न्यूरो सर्जन)
डा. रचना नकर्मी (अपरेशनल एण्ड क्वालिटि एस्योरेन्स अफिसर)
डा. काजन रानाभाट (रेडियोलोजिष्ट)
डा. सुरेस विश्वकर्मा (रजिष्ट्रार)
डा. सुवास लोहनी (रजिष्ट्रार)
डा. संज्ञा पौडेल (नाक, कान, घाँटी विशेषज्ञ)
सुनिल मानन्धर (सिस्टम एडमिनिस्ट्रेटर)
प्रतिभा महर्जन (चिकित्सा मनोविज्ञ)



# Stroke: A Major Killer

Dr. Lekh Jung Thapa

***Consultant Neurologist***



I was entirely unaware of "paralysis"untilmy father, who was about 65 years old, had stroke in early 90s'. We were given the least possible hope for his recovery, and I trusted my father's doctor and felt:"nothing can be done in stroke". With the availability of advanced medical facilities, trained medical staff and dedicated team, better outcome is increasingly being reported in these patients in recent days. I had an opportunity to observe, experience and analyze the profile and the outcome of the stroke patients at our institution and now I can confidently say: "Yes, many things can be done in stroke". There are rays of hope now for the families of stroke victims, which I personally did not get many years ago.

I am going to inscribe ten (10) important points about stroke that I have learnt over years that must be known by all of us to fight stroke in our community, highlighting how we handle stroke at our institute, The National Institute of Neurological and Allied Science (NINAS).

**1. What is stroke?**

- **Apoplexy**
- *Stroke is a condition where there is a neurological problem because of vascular event in the brain. It is commonly known as "Paralysis, Pachhaghaat, Mastiskaghaat" in non-Terai region and "Lakwa" in Terai region of Nepal.*

**2. What are the types of stroke?**

- **Broadly there are two (02) types:**
- *Ischemic (due to obstruction of blood vessel)*
- *Hemorrhagic (due to rupture of blood vessel)*

**3. What is the burden of stroke in Nepal?**

- **It is one of the major causes of death and disability in Nepal.**
- *There is no stroke dedicated epidemiological study in Nepal. So we are not in an accurate position to reckon the data. However, in our hospital stroke constitutes approximately 25% of all the hospital admissions. Over a half (60%) are ischemic and remaining 40% are hemorrhagic in nature. Recent WHO data clearly suggests that stroke is the second important killer and third important cause of disability worldwide. It is ahead of heart disease in killing people in low-income countries like Nepal. (WHO 2015)*

**4. Do I have chances of having stroke?**

- **Yes. The chances depend on the presence of risk factors in an individual.**
- *Major risk factors for stroke include: Advancing age, Hypertension, Diabetes, Obesity, Smoking, Alcohol, High Lipids, Low fiber diet, psychosocial stress and heart diseases. Individuals with many risk factors have higher chances for obvious reasons.*

**5. How to identify stroke at home?**

- **BE FAST (abbreviation) Symptoms**
- *The major symptoms of stroke can be remembered through the mnemonic **"BE-FAST"**. **"B"** stands for **B**alance problem; **"E"** for **E**ye or vision loss or double vision; **"F"** for **F**ace asymmetry because of weakness; **"A"** for **A**rm weakness; **S** for **S**lurred speech; and **T** for **T**imely treatment". However, I have noticed that the most important point to remember is **TIME,** as time is the essence of stroke treatment.*

**6. How early the patient should reach to NINAS?**

- **Within 4.5 hours of onset of stroke.**
- *The patient should be brought to NINAS as early as possible if they are detected to have any of the **"BE FAST"** symptoms at home. Stroke is diagnosed by CT/MRI brain in an urgent basis. If the patient arrives within 4.5 hours of onset of stroke, we treat eligible patients with the best evidence based stroke thrombolysis (alteplase, tenecteplase) treatment in case of ischemic stroke. We have successfully thrombolysed over 50 patients at our institute.*

**7. What happens if patient reaches late to the hospital?**

- **Patient may not qualify for the best available treatment**
- *Please remember that stroke is one of the major killer diseases in Nepal. The late arrival to hospital blights the opportunity to save neurons (nerve cells)in the brain, as every minute almost twenty lakhs neurons die because of stroke. Neurons are the one which helps us think, judge, speak, read, write, see, move, feel and many more. There are ample chances that the patient may loose many of the mentioned abilities and hence remain disabled even if the patient survives.*

**8. How is brain hemorrhage (hemorrhagic stroke) treated at NINAS?**

- **Neurosurgery**
- *Neurosurgery is offered to the patients having life threatening brain hemorrhage. Surgical removal of the clot and aneurysm clipping of are some of the advanced surgical treatments offered at our institute.*

**9. How long should the patient is admitted in the hospital?**

- **It depends on severity of the illness.**
- *Ideally, a patient is admitted for about a week in the hospital during which the patient receives the standard stroke care and the care takers (Family members) are taught about the scientific ways of handling the patient at home after discharge. If the patient is critically ill and can not be managed at home, the hospital stay may be longer.*

**10. After discharge, how long the patient needs to take medicine?**

- **It depends on the underlying cause.**
- *As there are higher chances of re-stroke in the patient who suffered from stroke, the aim of the medical treatment after stroke is to prevent recurrent stroke. Hence, preferably the stroke survivor should take life-long treatment for Hypertension, Diabetes and should strictly adhere to the life style modifications. This is explained in detail by doctors, nurses, physiotherapists and dietician during the hospital stay and on follow up in stroke clinic which runs every Tuesday at our institution.*

The motto of our institution is "preventing paralysis and disabilities through timely effective treatment". I personally would like to request you all to remember that "Prevention is better than cure" and it holds true especially for stroke. Handling stroke is not simple, but working together (family, community, organizations, hospital staffs and concerned authorities) to tame this sinister condition is the key to success. For example, The National Institute of Neurological and Allied Sciences works in close association with Nepal Stroke Association (NSA) for stroke awareness and education. Let's come together to make Nepal a better place for stroke care and management.

Note: This article is prepared for educational purpose only. The information provided here should not be taken as a guideline to manage stroke and an expert consultation is always indicated.



# उपचार परामर्श



अस्पतालमा आफ्नो विरामी भर्ना भएर बसेको बेलामा लाग्छ हरदम उसको सहारा बनेर बसिरहुँ। बस्न नपाउँदा उसैको चिन्ताले सताईरहन्छ। लाग्छ डाक्टरले केही भनिदिए हुन्थ्यो। विरामीको अवस्था बारे जानकारी गराइदिए हुन्थ्यो।

पक्कै पनि विरामीको प्रत्यक्ष जानकारी नपाउँदा सबैलाई पीडा हुनु स्वभाविक हो। अझ ICU को विरामीको हकमा यो कुरा अझै महत्वपूर्ण हुन जान्छ।

समाधान के त ?

दैनिक उपचार परामर्श:

विरामी चाहे ICU मा होस् वा Ward मा, हामी दैनिक रुपमा विरामीको परिवारसँग बसेर उहाँहरुलाई विरामीको रोगको निदान, विरामीको अवस्था, समस्याको गम्भिर्यता, वर्तमानमा अपनाइएका उपचार पद्धति, देखिएको प्रगति, आईपरेको समस्या र आगामी कार्ययोजना आदि सबैको बारेमा विस्तृत रुपमा जानकारी गराउँदछौं।

विरामीको परिवारलाई लक्षित समयावधि भन्दा बाहेकको अवस्थामा रोगको जानकारी गराउनु कतिपय परिस्थितिमा व्यवहारिक हुँदैन। जस्तै बाटोमा भेट्दा। विरामीको बारेमा सार्वजनिक स्थलमा बसेर कुरा गर्नु डाक्टरलाई पेशागत नैतिकताले दिंदैन। परिवारले पनि डाक्टरको यो पेशागत बाध्यता र अस्पतालको नियमलाई आदर गर्नु पर्छ।

म आफैं पेशाले डाक्टर भएतापनि विरामीसँग धेरै अस्पताल धाएको छु। बाँसबारी न्यूरो अस्पतालमा जसरी प्रत्यक्ष आमुन्ने सामुन्ने बसेर दैनिक उपचार परामर्श गरिन्छ त्यो मैले कतै अनुभव गरेको छैन। यहाँको डाक्टरको हैसियतले आफू माथि, हाम्रो अस्पताल माथि र यो अस्पतालको कण कणमा आफ्नो सपना बुन्नु भएका प्रा.डा. देवकोटा माथि गौरव गरेर भन्न सक्छु, म मेरो विरामीलाई जति जिम्मेवारीका साथ उपचार गर्छु त्यतिनै जिम्मेवारीका साथ विरामीको परिवारलाई पनि दैनिक उपचार परामर्श मार्फत त्यसमा संलग्न गराउँछु।

डा. सुबास लोहनी
रजिष्ट्रार



# As I see it grow, NINAS from inception till date

Dr. Shikher Shrestha
***Consultant Neurosurgeon***



The National Institute of Neurological and Allied Sciences (NINAS), has created its own mark by serving the people for more than a decade now. Ever since its inception on April 2006, it has shown tremendous growth by pioneering various high tech services in the field of Neurosurgery in Nepal. I look backinto the time as I have spent a significant part of my life here doing residency and now working as a consultant. I remember clearly the day I first met Professor Upendra Prasad Devkota. I was doing my General Surgery Fellowship then. I guess it was September 2011 as he did his busy outpatient clinic during the second half of the day, after a busy morning operating on patients. The purpose of my visit was to arrange my rotation in neurosurgery, as mandated by the College of Physicians and Surgeons of Pakistan during the general surgical training. Back then, I had never dreamt of becoming a neurosurgeon. I was about to meet one of the most prodigious and respected figure in Nepal, who I thought was "very hard to please", from whatever I came to know from the medical fraternity I had long worked with. I was nervous. Hundreds of peoples flocked around the busy outpatient clinic and the sight made me more nervous than ever before. As if I was going to appear for an exam. I did not know what his temperament would be like. My mind was preoccupied with those thoughts, would he shout at me? What questions might he ask? One of the soft-spoken ladies, a front desk officer, let me in, after conferring with Professor. My heart was still pounding as I entered the room with a group of young doctors standing around professor. Later I came to know, those were the medical officers helping professor with his outpatient clinic. I introduced myself and briefed the reason for my visit. He was instantly interested from the fact that I was doing Fellowship, quite similar to what he did back in mid 80s from the Royal College of Surgeons, in UK. Fellowship exams are considered to be amongst the toughest exams in the world he said, all it costs is your hard work and only the deserving get through. There are no hidden costs involved unlike the growing commercialization that we hear in studying medicine in modern days. He probably saw in me, what he was back in early 80s, a struggler, doing fellowship. That was a spark. I still reminisce his dizzy was not new to meremark, "For a , , plant to flourish two things are required - good seed and fertile land. We provide you with fertile land here at Neuro Hospital, you need to show how good a seed you are". It was late when I fell asleep that night, pondering over what he had told me. Later, towards the end of the rotation, my view towards neurosurgery had totally changed. I found more glamour in neurosurgery than anything I had ever done before. Soon I realized that I was destined to be a neurosurgeon, which I would never had thought, had I not met Prof. Devkota that fine day. As days passed by, I started feeling at home at Neuro Hospital and I now have a sense of belonging here.

The history wall facing the open space as you enter the hospital speaks about the establishment of this institute. I get inspired every time I look at the wall.

Dr. D. N. Gongal, the father of Surgery I would like to call, a well-known figure and a pioneer in the field of surgery in Nepal had envisioned the need for developing Neurosurgery back then. Prof. Devkota, one of his protégé, materialized his dream by providing modern neurosurgical services at Bir Hospital for the people of Nepal. The quality of services matched what was available only in the west at that time, and the rest is history.

The uniqueness of Neuro Hospital reflects from the fact that attention has been paid to the tiniest details while designing the hospital over a decade and a half ago. There is a ramp for instance, quite a peculiar feature that is seen in the main hallway. Prof. often quoted it to have a special purpose.'This is Nepal, you never know when the power outage would happen and the elevators failed. I had to improvise to wheel the patients up and down even when the elevators stopped". No wonder, the ramp was so handy when the big earthquake struck Nepal three years ago. This is just an example of the hair splitting detail that has gone into the planning of this institute by Prof. Devkota and his wife Prof. Madhu, who often calls this institute her baby.

Today, right before my eyes, I can see the baby grow with expansion of services. Currently special clinics dedicated to Vascular Neurosurgery, Neuro-oncology, Epilepsy, Stroke, Neuro-otorhinolaryngology, Neuro-ophthalmology, Rehabilitative medicine are available for the patients. Plan is also to start a separate pain clinic in the near future. Beyond clinics, the hospital is also actively engaged in various research activities and a busy academic schedule. There is an in house residency program in neurosurgery. International experts who contribute in teaching the latest advancements in the field of neurosurgery for the aspiring trainees also visit the institute. Every effort is made to ensure that the institute delivers the best standards of care as set by

Prof. Devkota over the years. NINAS today has left no stone unturned for the continuous development and sustainability of the kind of neurosurgery, which Prof. Devkota during his long tenure delivered. There are more consultants and registrars than ever before, who are working day and night for making those dreams come true.

You can never cross the ocean unless you have the courage to lose sight of the shore. It was no easy job to visualize this dream and more so to materialize it over the years. Many people lost their life of neuro-related diseases in the past due to lack of access to proper neurosurgical services. The presence of this institute and its commitment and contribution for quality services and training has made a vast difference. "One small step for a man, one giant leap for mankind"; many people have benefitted and will continue to benefit in even bigger ways in days to come.

## सुरक्षित शल्यक्रिया, हाम्रो प्रतिवद्धता

शल्यक्रिया आफैमा अत्यन्त संवेदनशिल प्रकृया हो । शल्यक्रिया सम्वन्धी गम्भिर मानविय त्रृटी भएका घटनाहरु यदाकदा सुनिन आउँछन् । उदाहरणको लागि दाहिने भागको शल्यक्रिया गर्नुपर्नेमा देब्रे भागको गरिने देखि एउटा विरामीको शल्यक्रिया अर्कै विरामीमा गरिने सम्मका त्रृटीहरु नेपालमा मात्रै होइन संसार भरी नैं हुने गरेका छन्।

यस्तै मानविय त्रृटी न्यूनिकरण गर्नको लागि विश्व स्वास्थ्य संगठन (WHO) ले सन् २००८ देखि विशेष सुरक्षा नीति प्रतिपादन गरेको छ । न्यूरो अस्पताल बाँसवारीले आफ्नो स्थापनाकाल देखिनै सोही अवधारणा अनुरुप 'WHO Checklist' को नीति अवलम्वन गर्दै आएको छ।

WHO सुरक्षा नीति अन्तर्गत विरामीको नाम, ठेगाना, उमेर, रोग र शल्यक्रिया गर्न लागिएको भागको किटानी - बेहोस गर्नु अघि, बेहोसी पछि र शल्यक्रिया शुरु गर्नुअघि - तीन तहमा गरिन्छ। यो प्रकृयामा शल्यक्रिया गर्ने डाक्टरहरु, बेहोस बनाउने डाक्टरहरु तथा नर्सहरुको टोली संलग्न हुन्छन् । माथि उल्लेखित विवरणको साथसाथै शल्यक्रियामा प्रयोग हुने उपकरण तथा पट्टीहरुको गणना मौखिक तथा लिखित रुपमा गरिन्छ। फलस्वरुप हामी गौरवका साथ भन्न सक्छौं अहिले सम्म नौ दस हजारको हाराहारीमा सफल शल्यक्रिया गरिसक्दा पनि यस्तो भवितव्यबाट हाम्रो अस्पताल तथा हाम्रा सेवाग्राही विरामीहरु गुज्रिन परेको छैन।

नर्सिङ्ग डिपार्टमेण्ट



## व्यायाम गरौं स्वस्थ रहौ



स्वस्थ र खुशी रहन दैनिक १ घण्टा व्यायम गरौं

स्वस्थ मुटु, मस्तिष्क तथा पूर्णशारीरिक र मानसिक विकासका निम्ति व्यायामको महत्वपूर्ण भूमिका रहन्छ । आफ्नो र आफ्ना परिवारका सदस्यहरुमा सधैं व्यायम गर्ने बानी बसाउनुहोस् । दैनिक दौडने, उफ्रिने गर्नाले मुटुलाई मजबुत बनाउनका साथै श्वासप्रश्वास प्रक्रियामा वृद्धि भएर शरीरमा अक्सिजनको मात्रा बढाँउछ।

व्यायाम गर्दा शरीरमा भएका हानिकारक तत्वहरु पसिनाको माध्यमबाट बाहिर निस्कन्छ र शरीरलाई स्वस्थ तथा स्फूर्त बनाउँछ।

व्यायामले मस्तिष्कको विकासमा लाभ पुऱ्याउँछ। शरीर र मस्तिष्कको एक आपसमा सिधा सम्बन्ध हुन्छ । विशेषगरी बालबालिकाहरुमा शारीरिक र मानसिक विकास तिब्र गतिमा हुने भएकाले उनीहरुलाई दैनिक व्यायम गर्न प्रोत्साहन गर्नुपर्दछ। मोवाइल र कम्प्यूटरमा खेल्ने खेल भन्दा घर बाहिर खेल्ने खेलमा जोड दिनु पर्दछ।

दैनिक व्यायामले तपाईंलाई यी कुरामा पनि सहायता गर्दछः

- स्वस्थ वजन कायम राख्न
- शक्ति र लचिलोपना विकास गर्न
- ह्दयघातको जोखिमलाई कम गर्न
- मधुमेह र क्यान्सरको जोखिम कम गर्न
- हाडजोर्नीहरु बलियो बनाउन
- हड्डी पातलिने जोखिम कम गर्न
- शरीरलाई फूर्तिलो बनाउन
- स्वस्थ निन्द्रा कायम राख्न
- मानसिक तनाव अथवा चिन्ता मुक्त रहन

'समाजको एक असल नमुना बन्नुहोस्, आफु र आफ्ना सबैलाई नियमित व्यायम गर्न अभिप्रेरित गर्नुहोस् ।'

सोनी देव
फिजियोथेरापिष्ट

## मस्तिष्क पक्षघातमा स्नायूमनोविज्ञानको भूमिका



सामान्यतया 'मनोविद्' शब्द सुन्ने बित्तिकै मानिसहरु मनको कुरा थाहा पाउन सक्ने व्यक्ति भन्ने बुझ्दछन् । सायद त्यसैकारण कतिपय व्यक्तिहरु पहिलो भेटमै 'तपाईले मेरो मनको सबै कुरा थाहा पाईहाल्नुहुन्छ होला है?' भन्ने प्रश्न गर्दछन्।

वास्तवमा 'मनोविज्ञान' भनेको वैज्ञानिक ढङ्गले व्यवहार (behavior) र मानसिक प्रक्रियाको (mental processes) अध्ययन गरिने विषय हो । सोही अन्तर्गतको स्नायूमनोविज्ञान पनि (Neuropsychology) एक महत्वपूर्ण शाखा हो जसले मानिसको स्वभाव, भावना, धारणा, चेतना (cognition) र मस्तिष्क बिच रहेको क्रियाकलापको सम्बधबारे अध्ययन गर्दछ। मनोविज्ञान आफैमा एक विकास क्रममा रहेको विषय हो, यद्यपि यस न्यूरो अस्पतालले स्थापनाकाल देखि नै स्नायुमनोविज्ञान सँग सम्बन्धित विभिन्न क्षेत्रहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्य गर्दै आइरहेको छ। यसैक्रममा 'स्ट्रोक/मस्तिस्क पक्षघात' क्लिनिक विगत पाँच महिना देखि मस्तिष्क पक्षघातका विरामीहरु र उहाँहरुको परिवारलाई विशेष लक्षित गरेर हरेक हप्ताको मंगलबार संचालित भइरहेको छ । उक्त क्लिनिकलाई थप प्रभावकारी बनाउन विरामीहरुको स्नायूमनोविज्ञानलाई सक्दो ध्यानमा राखी सामुहिक छलफल कार्यक्रम पनि गर्दै आईरहेका छौं।





यस कार्यक्रममा मस्तिष्क पक्षघातबारे जानकारी, यसका कारक तत्व, उपचार पद्दति देखि यसका रोकथामको बारेमा छलफल गर्दछौं। विभिन्न अध्ययनहरुका अनुसार मस्तिष्क पक्षघात भएपछि व्यक्तिमा शारीरिक कठिनाइका साथसाथै भावनात्मक, सामाजिक, चेतनात्मक लगायतका मानसिक परिवर्तनहरु पनि सँग-सँगै आउने गर्दछन्। न्युजील्याण्डको एक विश्वविद्यालयमा सन् २००७ मा गरिएको अध्ययनका अनुसार मानिसको चेतना र स्वभाव शारीरिक रुपमा आत्मनिर्भर हुनुपर्ने जत्तिकै सम्बन्धित भएको हुनाले दुवै कुरालाई पुर्नस्थापनाको प्रक्रियाको रुपमा अगाडी बढाउनु पर्ने कुरामा जोड दिएका छन्। हालै यस न्यूरो अस्पतालले मस्तिष्क पक्षघात भएका विरामीहरुमा गरेको अनुसन्धानका अनुसार ४८.४% मा उदासिनता रोग (Depression) र २९% मा चिन्ता रोग (Anxiety) रहेको देखिएको छ। यस अध्ययनले हामी माझ भएका मस्तिष्क पक्षघातका विरामीहरुलाई मनोचिकित्सकिय /मनोविमर्श सेवाको अत्यन्त जरुरी रहेछ भन्ने कुराको जानकारी दिन्छ।

यद्यपि स्ट्रोक वा मस्तिष्क पक्षघातमा मनोचिकित्सकिय/मनोविमर्श सेवाको महत्व बारे जनमानसमा रहेको न्यून जनचेतनाको कारण यी कुराहरु अझै पनि पत्ता लाग्न र उपयुक्त उपचार हुन सकिरहेको छैन । यस्ता यावत् कुराहरुलाई मध्यनजर गरी सचेतना मुलक कार्यक्रमबाट जनमानस समक्ष पुग्ने प्रयत्न गरिरहेका छौं।

प्रतिभा मर्हजन, एम्. फिल्.
चिकित्सा मनोविज्ञ

## न्यूरो स्वच्छताको अर्को नाम, इन्टिग्रेटेड सर्भिसेज

Patient First' भन्ने नाराका साथ विरामीको उपचार नै मूल उद्देश्य लिई स्थापना भएको यस नेशनल ईन्स्टिच्यूट अफ न्यूरोलोजिकल एण्ड एलाईड साईन्सेस् (न्यूरो अस्पताल) आज सम्म विरामीको उपचारमा तल्लिन भई अनवरत रुपमा कार्य गर्दै आएको हामी माझ सर्वविदितै छ।

अस्पतालको स्थापना काल देखि नै अस्पतालको संरचना तथा सम्पूर्ण सेवाहरु पनि उत्कृष्ट मापदण्ड बमोजिम हुनुपर्ने प्रावधान भए वमोजिम सरसफाई तथा स्वच्छतालाई ध्यानमा राखेर हामी इन्टिग्रेटेड सर्भिसेज प्रा.लि. द्वारा वि.सं. २०६३ साल बाट अविछिन्न रुपमा सहकार्य गर्न पाएकोमा गौरवान्वित महसुस गर्दछौं। अस्पतालको सरसफाई लगायत लन्ड्री व्यवस्थापन गर्नको लागि अगाडि बढ्ने क्रममा हामी इन्टिग्रेटेड सर्भिसेज प्रा.लि. परिवारद्धारा अस्पतालको सम्पूर्ण Ward, OT, ICU लगायत अन्य क्षेत्रहरुको सरसफाईलाई प्रमुख जिम्मेवारीका रुपमा कार्यबहन गर्दै अगाडि वढेका छौं। अस्पतालको भुई, ढोका सरसफाई गर्ने देखि अस्पतालमा आउने सम्पूर्ण विरामीको सरसफाई लगायत डाक्टर, नर्सहरु सँग समन्वय गरी सम्पूर्ण सरसफाईका कार्यहरु गर्दै आइरहेका छौं।

कहिले गाली, कहिले ताली, कहिले उकाली तथा कहिले ओराली भन्ने भावनाका साथ यस अस्पतालको गरिमामा आँच नपुग्ने गरी सम्पूर्ण सरसफाईका कार्यहरुमा गहन जिम्मेवारी पूर्वक हामी हाउसकिपिङ्ग परिवारका सदस्यहरु विरामीको सेवामा अर्पित भई सेवा प्रदान गर्दै आइरहेका छौं।

कार्यको सिलसिलामा विभिन्न अनुभवहरु वटुल्दै, सिक्दै तथा सिकाउँदै हामी यस अस्पतालको एउटा अभिन्न अङ्गको रुपमा स्थापना हुन पाएकोमा हामी आफैमा गौरवान्वित महसुस गरेका छौं । अस्पतालमा आउने विरामी, उनिहरुका आफन्त तथा कुरुवाहरुले दिने धन्यवाद र आशिर्वाद पाउँदा हामी आफूलाई सफल महसुस गर्दछौं।

यस्तै लगनशिल, मेहनती हाम्रा सम्पूर्ण हाउसकिपिङ्ग परिवार मध्ये यो अस्पतालद्वारा 'Staff of the volume' हाम्रो समूहबाट कुनै एक सदस्यलाई छान्ने मौका दिएकोमा यस अस्पताल परिवारलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं। उक्त पुरस्कारका लागि यस अस्पताललाई कार्यक्षेत्र बनाई आफ्नो दायित्व भित्र पर्ने सम्पूर्ण कार्यहरु इमान्दारिताका साथ निर्वाह गरेकोमा श्री पूजन खतिवडालाई सिफारिस गरेका छौं।



अत यस अस्पतालका संस्थापक प्रा.डा. श्री उपेन्द्र देवकोटा ज्यू लगायत, विशेषज्ञ डाक्टर, नर्सहरु, अस्पताल प्रशासन लगायत सम्पूर्ण कर्मचारीहरुको निरन्तर लगनशिलता कार्यप्रतिको निष्ठाद्धारा यस अस्पताललाई दक्षिण एसियाका उत्कृष्ट अस्पतालहरु मध्येमा एक हुन गएकोमा हार्दिक वधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छौं।

इन्टिग्रेटेड सर्भिसेज प्रा.लि
परिवार

# सन्देश

## नयाँ जिवन नयाँ उत्साह: विजय राई



सोचे जस्तो कहाँ हुँदो रहेछ जीवन, हामी सामु वि.सं. २०७४ साल मंसिर २१ गते सोच्दै नसोचेको विपत्ती आईपऱ्यो । स्थाई घर ओखलढुङ्गा जिल्ला माने भन्ज्याङ्ग गाउँपालिका वडा नं. ९ माधवपुरका हाम्रा छोरा विजय राई लाई अचानक ज्वरो आउने, छाती दुख्ने समस्याले च्याप्यो । शुरुमा सामान्य समस्या हुन सक्छ भनी स्थानीय मेडिकलबाट औषधोउपचार गराउँदै थियौं। समस्या झन वल्झियो जब अचानक २०७४ साल पुष ०६ गते का दिन एकाबिहानै विजय सुतेकै ठाउँमा भोमिट भई वेहोस भइरहेको अवस्थामा पायौं।

यो घटना लगतै हामीले यस क्षेत्रका विभिन्न विशेषज्ञहरु सँग सल्लाह सुझाव लियौं। जस अनुसार MRI गरियो र हामीले सोच्दै नसोचेको कुरा भयो। विजयको टाउकोमा ब्रेनट्यूमर रहेछ। विरामी लगायत हामी सबै आफन्त छाँगाबाट खसे झैं भयो। अन्त्यमा, नेपालको मुख्य न्यूरो अस्पताल किन नजाने भन्ने निष्कर्षका साथ हामीले बाँसवारी न्यूरो अस्पतालमा विजयलाई लिएर पुग्यौं।

यहाँ आई डा. श्रेष्ठ र डा. थुलुङ्गले ट्यूमर ज्यादै संवेदनशील भागमा रहेको हुँदा विरामीले आँखा नदेख्ने वा कुनै पनि शरीरको भागमा प्यारालाइसिस पनि हुन सक्ने भन्नुभयो साथै यस्तो केश धेरै कमलाई हुने पनि बताउनु  भयो। उहाँले हरसम्भव कोसिस गर्छौं र मनोवल नहार्नुहोस् भन्नु भयो र त्यहि विश्वासका साथ हामी सबै अपरेशनको लागि राजी भयौं।



२०७४ फाल्गुणमा डा. श्रेष्ठ, डा. थुलुङ्ग लगाएतका टिमको अथक प्रयासका साथ अपरेशन सफल भयो र जीवन गुमाइसकेको हाम्रो छोरा विजय राईले नयाँ जीवन पाएको छ। हाल विजय पहिले जस्तै राम्रो सँग हिड्ने, डुल्ने, खाने र रमाइलो गर्न सक्ने अवस्थामा छ। यो योगदानको लागि डा. शिखर श्रेष्ठ र डा. सुरज थुलुङ्ग को अपरेशन टिम लगायतका सम्पूर्ण बाँसबारी न्यूरो अस्पताल परिवारलाई विजय राईको बुवा/आमा र सम्पूर्ण परिवारको तर्फबाट हृदय दखि नै आभार तथा धन्यवाद व्यक्त गर्दछौं।

## *The Moment I could Sing Again !!!*



Back in 2013, I was in the United Kingdom for a musical tour and I still remember while performing on one of the program I realized that I could not sing my own songs properly as I was struggling to sing in high pitch. Since I was young I always had low blood pressure issue and feeling dizzy was not new to me, but it was getting worse . I could not concentrate on anything and whilst I was talking with people I just could not carry on a simple conversation. Taking medicines and rest was not helping so I decided to cut my tour short and took a flight back to Nepal.

After I arrived in Nepal, I visited different Doctors and they said it was all fine and gave me some medicines to take. Months passed and one day I could not even open my eyes. Finally I was taken to Neuro hospital, where I went through different tests  and I was diagnosed with a very complicated brain tumor.  I was being told that it was complicated because of its location and I will have to go through a operation as soon as possible. Than I was introduced to Dr. Upendra Devkota, he told me in detail why it was complicated and why do I need to have operation soon. He was very clear on mentioning what worse could also happen after the operation. I had no choice but to go through an operation.

After 10 hours of operation, I remember waking up and trying to sing. I was so relived that I could sing but my recovery was still a long process. It took more than 6 months for me to be able to walk again on my feet.

Now in 2018,  it all looks like a nightmare. I am writing this about my journey and cannot thank enough to Dr Upendra Devkota, Neuro Hospital, my family  and everyone who prayed for me. I would also like to thank god for giving me second opportunity to enjoy life and make people happy with my songs. ?

My last words is from one of my song "yo mann ma asha ko, umang chaye ko cha "?

**Mausami Gurung**
**Singer**

# Photo Gallery



# Neuro with the Communities



# Neuro with the Communities



# Neuro Amenities



# History sets the Goal

The magnolia tree at the front of this Institute is the replica of the Atkinson Morley's Neurosciences Hospital, London, set up by Sir Wylie McKissock and recognized all the world over for developing the first CT scanner in 1972; an achievement that earned for Britain the Nobel Prize in Medicine.



At the foundation of this Institute, soil from the premises of the Institute of Neurological Sciences, Glasgow, has been laid down. The Glasgow Institute is the foremost in modern neurosciences, credited to have spearheaded pioneering research in its field, revolutionised the care of head injuries and introduced the Glasgow Coma Scale.

Both these Institutes are Professor Devkota's alma maters. The magnolia tree in front and the soil in the foundation of this building shall stand witness to our resolve to achieve their standard.

P.O Box No. 3711, Tel: 977 -1- 4 37 38 50, Fax: 977 -1- 4 37 07 79
E:mail : national@neuro.org.np, Website: www.neuro.org.np